नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि प्रशासन कार्यालय
भोजपुर

Email: bhojpur@dolma.gov.np
फोन नं. ०२९४२०१९६

प.सः २०८२/०८३
च.नः ११५०

मितिः २०८३/०३/२५

मितिः २०८३/०३/२५

## विषयः भु-सेवा केन्द्र सञ्चालन सम्बन्धि सूचना।

प्रस्तुत बिषयमा भूमि व्यवस्थापन तथा अभिलेख विभाग (भू सूचना प्रविधि शाखा) को च.नं. ५०६१ मिति २०८३/०३/११ गतेको प्राप्त पत्र वमोजिम १५ दिने सूचना प्रकाशित गरी भू-सेवा केन्द्र सन्चालनका लागि भू-सेवा केन्द्र सन्चालन निर्देशिका, २०७६ संसोधन सहितको दफा (६) र (७) बमोजिमको योग्यता र पूर्वधार पुरा भए इच्छुक व्यक्ति, संघ, संस्था र स्थानीय तहले अनुमति लिनका लागि मितिः २०८३/०३/२५ गते देखि १५ दिन भित्र Public Acess Module (https://public.dolma.gov.np) (PAM) मार्फत अनलाईन निवेदन पेश गरी सो संग सम्बन्धित सक्कल कागजात निवेदन साथ अनुसुची (१) वमोजिमको ढाँचामा यस कार्यालयको प्रशासन शाखामा पेश गर्नुहुन सम्वन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ ।

भू-सेवा अनुमति किसिम र योग्यता तपशिल अनुसारको हुनेछ ।

| व्यत्तिको हकमा | रजिष्टर्ड सघं/ संस्थाको हकमा | स्थानीय तहको हकमा | कानुन व्यवसायी वा लेखापढी व्यवसाय गर्नेको हकमा | साधारण प्रयोग कर्ताको हकमा |
|---|---|---|---|---|
| क. नेपाली नागरीकता<br>ख. अठार वर्षा उमेर पुरा भएको ।<br>ग. कम्प्युटर विषय लिई कम्तिमा प्रविणता प्रमाण पत्र तह वा अन्य विषयमा सो सरह योग्यता भई कम्प्युटर सम्बन्धि विषयमा कम्तिमा ६ महिनाको तालिम प्राप्त गरेको ।<br>घ. प्रचलित कानुन वमोजिम स्थायि लेखा नं. लिएको ।<br>ङ. भू-सेवा केन्द्र सन्चालनको लागि दफा ७ वमोजिम भौतिक पुर्वधार भएको ।<br>च. नैतिक पतन दखिने, फौजदारी कसुर देखिने वा अन्य लिखत सम्बन्धि कुनै कसुरमा अदालतबाट दोषी प्रमाणित नभएको । | क. प्रचलित कानुन वमोजिम सेवा प्रदायक संस्थाको रुपमा दर्ता भएको ।<br>ख. नेपाली नागरिकले स्थापना र संन्चालन गरेको हुनुपर्ने ।<br>ग. संस्थामा काम गर्ने कम्तिमा एक जना जनशत्तिको योग्यता कम्प्युटर विषय लिई कम्तिमा प्रविणता प्रमाण पत्र तह वा सो सरहको योग्यता भई कम्प्युटर सम्बन्धि कम्तिमा ६ महिनाको तालिम प्राप्त गरेको ।<br>घ. संस्थाको नाममा स्थायी लेखा नम्बर लिएको हुन पर्ने ।<br>ङ. कर चुक्ताको प्रमाणपत्र भएको हुनु पर्ने ।<br>च. दफा ७ वमोजिमको भौतिक पुर्वाधार भएको । | क. सेवा केन्द्र सन्चालन गर्ने जनशक्ति र दफा ७ वमोजिम पुर्वधार भएको । | क. कानुन व्यवसायी वा लेखापढी व्यवसायीको प्रमाण-पत्र भएको ।<br>ख. नेपाली नागरिक ।<br>ग. प्रचलित कानुन वमोजिम स्थायी लेखा नं. लिएको ।<br>घ. सेवा केन्द्र सन्चालनको लागि दफा (७) वमोजिम भौतिक पुर्वधार भएको । | क. प्रयोगकर्ताको नाममा जग्गाधनी दर्ता प्रमाण पुर्जा भएको ।<br>ख. आफ्नो नाममा भएको जग्गा कित्ता विवरण भू-सूचना प्रणालीमा श्रेस्ता अध्यावधिक भएको तर भू-सूचना प्रणालीमा देखिएको विवरण र जग्गाधनी दर्ता श्रेस्तामा भएको विवरण फरक परी जग्गाधनी पहिचानमा समस्या देखिएमा जग्गाधनीले सम्बन्धित कार्यालयमा गई डाटा अध्यावधिक गराउनु पर्ने छ । |

२०८३/०३/२५
विदुर प्रसाद भट्टराई
कार्यालय प्रमुख

नेपाल सरकार

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## भूमि व्यवस्थापन तथा अभिलेख विभाग

## भूमि प्रशासन कार्यालय

भोजपुर

Email: bhojpur@dolma.gov.np
फोन नं. ०२९४२०१९६

प.सः २०८२/०८३
च.नः ११४०

मितिः २०८३/०३/२५

विषयः भु-सेवा केन्द्र सञ्चालन सम्बन्धि सूचना।

भू-सेवा केन्द्र संचालनको लागि चाहिने पूर्वाधार ( भू-सेवा केन्द्र संचालन निर्देशिका २०७६ को दफा ७ वमोजिम )

क. कम्प्युटर ख. प्रिन्टर ग. पावर व्याकप सिस्टम घ. स्क्यानर ङ. भू-सूचना प्रणाली सँग कम्प्याटिबल हुने बायोमेट्रिक डिभाईस, वेव क्यामरा, दस्तखत मेसीन र इन्टरनेट कनेक्टीभिटी कम्तीमा २/२ एम.बी.पी.एस. डेडीकेटेड लाईन भएको ।

(अनुमति पत्रको दस्तुर अवधि तथा नविकरण सम्बन्धि व्यवस्था)

१. साधारण प्रयोगकर्ताले युजर एकाउन्ट खोल्नको लागि सम्बन्धित कार्यालयमा रु ५०० (पाँच सय ) दस्तुर बुझाउनु पर्नेछ र प्रत्येक १० (दश) वर्षमा नविकरणका लागि रु १०० (एक सय) दस्तुर बुझाउनु पर्नेछ ।

२. साधारण प्रयोगकर्ताले युजर एकाउन्ट नविकरण नगरेको अवस्थामा अनलाईन प्रणालीमा उक्त प्रयोगकर्ताको पँहुच स्वतः निष्कृय हुनेछ ।

३. भू-सूचना केन्द्र सम्बन्धि अनुमति पत्र लिन देहाय वमोजिमको दस्तुर लाग्नेछ ।

क. व्यक्तिको हकमा रु ३००० (तीन हजार)

ख. संस्थाको हकमा रु ५००० (पाँच हजार)

उक्त दस्तुर राजश्व शिर्षक १४२२९ (कार्यालयको कोड नं. ३३६०१०७०१) अन्य प्रशासनिक सेवा शुल्कमा जम्मा गरी सो को भौचर पेश गर्नु पर्नेछ ।

४. भू-सेवा केन्द्र सन्चालनको अनुमति लिन चाहने व्यक्ति, संघ वा संस्थाले राष्ट्रिय बाणिज्य बैंङ्क शाखा कार्यालय भोजपुर, को.ले.नि.का. भोजपुरको खाता नं.२०४०१००१०२०३०००० मा धरौटी बापत देहाय वमोजिमको नगद रकम जम्मा गरी सोको भौचर पेश गर्नु पर्नेछ । बैंङ्क ग्यारेन्टीको हकमा चालु आर्थिक वर्षको बाँकि रहेको अवधिमा एक महिना थप गरी कायम हुने कुल अवधिको देहाय वमोजिमको रकम बराबरको बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ ।

क. व्यक्तिको हकमा रु ५००००/- (पचास हजार)

ख. संस्थाको हकमा रु २०००००/- ( दुई लाख)

ग. स्थानीय तहलाई भू-सेवा केन्द्र अनुमति लिन र नविकरण गर्न कुनै दस्तुर लाग्ने छैन ।

५. भू-सेवा केन्द्र सन्चालनको अनुमति पत्रको अवधि एक आर्थिक वर्षको हुनेछ ।

६. बैंक तथा वित्तिय संस्था, कर्मचारी संन्चय कोष, नागरीक लगानी कोष जस्ता संस्थाहरुको धितो बन्धक / रोक्का र फुकुवा प्रयोजनको लागि मात्र आफ्नो प्रधान कार्यालय रहेको कार्यक्षेत्र भित्रको भूमीसुधार तथा मालपोत कार्यालय / मालपोत कार्यालयमा अनलाइन निवदेन पेश गरी अनुमति पत्र प्राप्त गर्नुपर्नेछ । र प्रधान कार्यालयले यसरी अनुमति प्राप्त गरेपछि आवश्यकता अनुसार वा आफ्ना शाखा कार्यालयहरुलाई युजर विवरण गर्नसक्नेछ ।

७.यस सूचनामा उल्लेख नभएका अन्य कुराहरु भू-सेवा केन्द्र सन्चालन निर्देशिका,२०७६ (संशोधन सहित) बमोजिम हुनेछ ।

८. थप जानकारीका लागि देहाय वमोजिम कर्मचारीहरु संग सम्पर्क गर्न सकिनेछ ।

- कार्यालय प्रमुख श्री विदुर प्रसाद भट्टराई सम्पर्क नं. ९८५२०५२१९६
- आर्थिक प्रशासन प्रमुख श्री पदम प्रधान सम्पर्क नं. - ९८५२०७१८४०
- सुचना अधिकारी ना.सु. श्री दिपक पोखरेल - ९८५२०५२१९७

२०८३/३/२५

विदुर प्रसाद भट्टराई
कार्यालय प्रमुख